पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु-
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्युटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्युजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622


# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily


रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ ४ गते शुक्रबार ❑ 17 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत छ : प्रधानमन्त्री

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत रहेको बताउनुभएको छ।



पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै कुलपति ओलीले मुलुकमा अनेक क्षेत्रमा परिवर्तन र प्रगति हासिल हुँदै गएकाले ऋषिमुनीले भन्दै आएको 'सर्वे भवन्तु सुखिनः.....'को आधुनिक रुप समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यलाई ध्यानमा राखेर आफूहरु काम गरिरहेको स्पष्ट गर्नुभयो।

उहाँले व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भनेलाई प्रतिष्ठानको स्थापना र पोखरामै रहेर जनशक्ति उत्पादन हुनु एक दृष्टान्त भएकाले पोखरामा १४ जना बिरामीको मिर्गौला प्रत्यारोपण हुनु विशेष उपलब्धिको विषय भएको जनाउनुभयो। प्रधानमन्त्री ओलीले विश्वको यस भूभाग ज्ञान र खोजको भूमि भएकाले आधुनिक चिकित्सा सुरु हुनु अगावै वेद-विज्ञान र प्राचीन चिकित्सा आरम्भ भएको गौरवशाली इतिहास रहेको स्मरण गराउनुभयो। "हामी उठ्न नसक्ने कुनै कारण छैन। हामी सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको सदुपयोग गर्दै विकासमा अगाडि बढ्नेछौँ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "चीनले त्यत्रो जनसङ्ख्यालाई छोटो समयमा गरिबीको रेखामुनीबाट माथि उठायो। हामीले पनि हाम्रो देश आफै बनाउन लाग्नुपर्छ। लागेपछि नेपाल बन्छ।" प्रधानमन्त्री ओलीले दीक्षित विद्यार्थीलाई दृष्टान्तयोग्य, इमानदार, आदर्शवान र समाजका लागि उपयोगी हुन सक्नुहोस् भन्ने शुभकामना दिँदै प्रधानमन्त्री ओलीले विद्यार्थी र अभिभावकको आर्थिक लगानी, स्नेह र समयको लगानीको प्रतिफल प्राप्त भएको बताउनुभयो। कार्यक्रममा कुलपति ओलीबाट विसं २०८० र २०८० मा प्रतिष्ठानबाट एमडी र एमएसमा उत्तीर्ण ३८ विद्यार्थीलाई दीक्षित भएका छन्। यसैगरीकुलपति ओलीले उत्कृष्ट विद्यार्थी अरविनदकुमार शाह (अर्थोपेडिक्स) र आशिष सापकोटा (जनरल सर्जरी)लाई उपकुलपति पदक वितरण गर्नुभयो। प्रधानमन्त्री ओलीले प्रतिष्ठानको आकस्मिक तथा प्राज्ञिक भवनको उद्घाटन पनि गर्नुभयो।

विश्वविद्यालयका सहकुलपति एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल उपस्थित समारोहमा कारोलिनस्का इन्स्टिच्युट स्टकहोम, स्वीडेनका प्रा मान्सुस वेस्नेनले दीक्षान्त भाषण प्रस्तुत गर्नुभएको थियो। प्रतिष्ठानका उपकुलपति प्राडा डुकबहादुर क्षेत्रीले सेवा विस्तारका क्रममा अस्पतालाई ५० शय्याको आकस्मिक विभाग सञ्चालनको तयारी भएको जानकारी दिनुभयो।

## पर्यटकको आगमन बढ्दा पूर्वाधारमा ध्यान दिन सञ्चारमन्त्री गुरुङको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पर्यटकको आगमन बढ्दै जाँदा पर्यटकीय पूर्वाधारमा ध्यान दिन आग्रह गर्नुभएको छ।

कास्कीको मादी गाउँपालिका-१ सिक्लेसस्थित सिक्लेस युवा क्लबको आयोजनामा भएको क्लबको ३०औँ वार्षिकोत्सव तथा माघेसङ्क्रान्ति मेलाको उद्घाटन समारोहमा मन्त्री गुरुङले गण्डकी प्रदेशले प्राकृतिक स्रोतसाधनको उचित प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो। प्राकृतिक स्रोतसाधन र सौन्दर्यताको हिसाबले गण्डकी प्रदेश आफैँमा सम्पन्न रहेको उल्लेख गर्दै उहाँले लक्ष्य लिएर काम गरे मुलुकको विकासमा गण्डकी प्रदेशले धेरै ठूलो योगदान दिन सक्ने बताउनुभयो।




नेपालमा आउने पर्यटकमध्ये आधा पर्यटक गण्डकी प्रदेशको भ्रमण आउने गरेको जिकिर गर्दै मन्त्री गुरुङले गाउँमा हुने मेला महोत्सवले त्यस ठाउँको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने भएकाले गाउँगाउँमा व्यवस्थित रुपमा मेला आयोजना गरी मौलिक संस्कार संस्कृति प्रदर्शनी गर्नुपर्ने सुझाव दिनुभयो।

सिक्लेसको पर्यटन पूर्वाधार विकासका लागि पोखरादेखि सिक्लेससम्म पुग्ने सडक कालोपत्र गर्ने पहल गर्ने उल्लेख गर्दै मन्त्री गुरुङले मन्त्रालयले यस वर्षभित्रमा नेपालका सबै घरघरमा इन्टरनेट सेवा उपलब्ध गराउने योजना बनाएकाले सिक्लेसको सबै ठाउँमा टेलिफोन सेवा पुऱ्याइने बताउनुभयो।

सिक्लेस हुँदै मनाङसम्म पुग्ने पदमार्गसहित अन्य पदमार्गका लागि स्थानीयसँगै अन्य पर्यटन व्यवसायीको सहकार्यमा अघि बढ्न सकिने उहाँको भनाइ थियो।

## बोटे समुदायको विकासका निम्ति राज्यले सोच्नुपर्छ : प्रचण्ड

रासस
मुग्लिन, ३ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बोटे समुदायको विकास लागि राज्यले सोच्नुपर्ने बताउनुभएको छ। माडी नगरपालिका-१ बड्डुवामा रहेको सोमेश्वर माध्यमिक विद्यालयको स्वर्णजयन्ती समारोहमा सहभागी हुन आउनुभएका उहाँले सोही वडामा सञ्चालित 'बोटे सामुदायिक होमस्टे'मा स्थानीयले स्वागत गरेपछि समुदायको संरक्षण एवं विकासलाई राज्यले बिर्सन हुँदैन भन्नुभयो।

उहाँले भन्नुभयो, "तपाईंहरु जो नदीको तीरमा बसेर डुङ्गा चलाएर जीविकोपार्जन गर्नेबाट अहिले होमस्टे चलाएर पर्यटकलाई आकर्षित गर्ने ठाउँमा पुग्नुभएको छ, पक्कै पनि यो तपाइको समुदायको प्रगति हो।" बोटे समुदायका अगुवाले आफ्नो समुदायको सांस्कृतिक घर आवश्यक भएकाले त्यो निर्माणमा सघाउन अध्यक्ष दाहालसँग अनुरोध गरेका थिए।

## आवश्यकताका आधारमा संविधान संशोधन गर्नुपर्छ : उपसभापति खड्का

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

नेपाली काँग्रेसका उपसभापति पूर्णबहादुर खड्काले आवश्यकताका आधारमा संविधान संशोधन गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाली काँग्रेस गण्डकी प्रदेशद्वारा बिहीबार पोखरामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उपसभापति खड्काले वर्तमान सरकार गठनका बेला गरिएको सातबुँदे सम्झौतामा संविधान संशोधनको विषय पनि उल्लेख भएकाले संविधानको मूल मर्म नबिग्रने गरी संविधान संशोधन गर्नुपर्ने बताउनुभयो। राजनीतिक स्थिरता र समृद्धि हासिल गर्न संविधान संशोधन गर्नुपर्ने उहाँको भनाइ थियो।




"संविधान निर्माण गरेको नौ वर्ष पूरा भएको छ, संविधान बनाउने बेलामा पनि आवश्यकताका आधारमा संविधान संशोधन गर्न सकिने विषय उल्लेख भएको हुँदा त्यसै अनुसार संशोधन गर्ने दिशामा कांग्रेस अग्रसर छ", उपसभापति खड्काले भन्नुभयो, "मिश्रित निर्वाचन प्रणालीमा कुनैपनि दलको बहुमत नआउने र संसद्को अङ्कगणितका कारण साना पार्टीलाई सरकारको नेतृत्व दिनुपर्ने बाध्यताको अन्त्य हुनुपर्छ।" नेपाली कांग्रेसकै नेतृत्वमा संविधान निर्माण जारी भएको जिकिर गर्दै उपसभापति खड्काले संविधान संशोधन गर्न नेतृत्वदायी भूमिका पनि काँग्रेसले नै निर्वाह गर्ने बताउनुभयो। सङ्घीय कानुनहरु छिटो निर्माण गरेर प्रदेशलाई अधिकारसम्पन्न बनाउनुपर्ने उहाँको भनाइ थियो। सुशासनको जग बसालन र आर्थिक समृद्धिका लागि नेपाली काँग्रेसले पहल गर्ने उहाँले बताउनुभयो। भ्रष्टाचारको अन्त्य, सुशासनमार्फत देशको समृद्धि नागरिकको चाहना रहेकाले सरकारले यिनै विषयलाई ध्यान दिएर अगाडि बढ्नुपर्ने उपसभापति खड्काले बताउनुभयो। कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले प्रजातन्त्रमा नेपाली जनता मालिक हुने भएकाले उनीहरुकै सेवामा पार्टीका नेता तथा कार्यकर्ता लाग्नुपर्नेमा जोड दिनुभयो।

## सरकारका कामलाई प्रभावकारी बनाउन सभापति देउवाको निर्देशन

रासस
काठमाडौँ, ३ माघ

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले सरकारका काम कारबाहीलाई प्रभावकारी बनाउन पार्टीबाट प्रतिनिधित्व गर्ने मन्त्रीलाई निर्देशन दिनुभएको छ।

बुढानीलकण्ठस्थित निवासमा बिहीबार भएको पार्टी पदाधिकारीसहित सरकारमा सहभागी मन्त्रीसँगको बैठकमा सभापति देउवाले जनतासँग सरोकार भएका विषयमा सहज र प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्न निर्देशन दिनुभएको कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले जानकारी दिनुभयो। "जनतासँग सरोकार भएका विषयमा सेवा प्रवाहलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउनुस्", सभापति देउवाको भनाइ उद्धृत गर्दै मन्त्री चौरसियाले भन्नुभयो, "पार्टीको कामभन्दा सही तरिकाले समय व्यवस्थापन गरेर मन्त्रालयको कामलाई प्राथमिकताका साथ अगाडि बनाउनुस्।"

काँग्रेस सभापति देउवाले सरकारलाई थप प्रभावकारी बनाउन आवश्यक सहयोग गर्न पनि मन्त्रीहरूसमक्ष आग्रह गर्नुभयो। बैठकमा पार्टी उपसभापति, महामन्त्री, नेता, प्रतिनिधिसभा र राष्ट्रियसभाका प्रमुख सचेतकलगायत व्यक्तिको उपस्थिति थियो। सभापति देउवाले सम्बन्धित मन्त्रालयका मन्त्रीसँग भइरहेका काम र बाँकी कामका बारेमा जानकारी दिलुभएको थियो। उहाँले संसद् अधिवेशन सुरु हुनुपूर्व सम्बन्धित मन्त्रालयअन्तर्गतका कानुन कहाँ पुगेर अड्किएका छन् सोको टुङ्गो लगाउन पनि मन्त्रीहरूलाई निर्देशन दिनुभयो।

काँग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामप्रसाद घिमिरेका अनुसार आजको भेटमा सरकारलाई प्रभावकारी र सफल बनाउन सक्रिय ढङ्गले काम गर्न र महत्वपूर्ण विषयमा नियमित छलफल गर्ने निर्णय भएको छ। विभिन्न समितिमा विचाराधीन विधेयकलाई टुङ्गो लगाउन सक्रियताका साथ कार्य गर्ने, आआफ्नो मन्त्रालयको कार्यक्षेत्रमा रहेका विगतदेखिका भौतिक परियोजना र अन्य कार्यक्रम सम्पन्न गराउने प्रक्रियामा गति बढाउनुपर्नेलगायत विषयमा छलफल गरिएको उहाँले बताउनुभयो।

चालु आर्थिक वर्षको बजेटमा परेर पनि स्रोत सुनिश्चितताको पर्खाइमा रहेका, बोलपत्र आह्वान हुन नसकेका, निर्माण सुरु भएर अपेक्षित गतिमा काम नभइरहेका विकास आयोजना सम्पन्न गर्न/गराउन आवश्यक पहलकदमी लिने निर्णय भएको प्रमुख सचेतक घिमिरेले बताउनुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ‘चिकित्सा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयास जारी’

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले चिकित्सा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयासमा सरकार लागिपरेको बताउनुभएको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई यहाँ बिहीबार सम्बोधन गर्दै प्रतिष्ठानका सहकुलपतिसमेत रहनुभएका मन्त्री पौडेलले नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै सरकारले आफ्ना गतिविधिलाई अघि बढाएको बताउनुभयो। थोरै लगानीमा धेरै प्रतिफल उपलब्ध गराउनुपर्ने अवस्थालाई दृष्टिगत गर्दै यस क्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी बनाउनेतर्फ सरकार लागिपरेको उहाँले बताउनुभयो।

स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने सरकारको योजना रहेको उल्लेख गर्दै मन्त्री पौडेलले सुरक्षित बिमा कोषका लागि नागरिकको योगदान सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो।

औषधीको मूल्य समायोजन गर्न ऐन निर्माण गरी लागू गर्न लागिएको उहाँले बताउनुभयो। पक्षघातको उपचारमा प्रयोग हुने औषधि निःशुल्क उपलब्ध गराइने उहाँले जानकारी दिनुभयो। स्वास्थ्य क्षेत्रमा अनुसन्धानात्मक प्रक्रिया बढाउने सरकारको योजना रहेको उल्लेख गर्दै मन्त्री पौडेलले अबको प्रयास उपचारात्मक मात्र नभइ निरोधात्मक किसिमको हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

राज्यले लगानी गरेर तयार गरेको जनशक्तिलाई स्वदेशमा नै उपयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले स्वदेशमा नै जनशक्ति टिकाउने अवस्था सिर्जना हुनुपर्ने बताउनुभयो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको क्षमता अभिवृद्धि गराउने कुरामा सरकार लाग्ने विश्वास व्यक्त गर्दै मन्त्री पौडेलले प्रतिष्ठानमा मुटु रोगको उपचारसँगै क्यान्सर (अर्बुद) को उपचार जस्ता सेवा सुरु गरिएको उल्लेख गर्नुभयो। उहाँले प्रतिष्ठानको नजिकै रहेको ६५ रोपनी क्षेत्रफलमा मुटुरोग अस्पताल निर्माण गर्न खोजिएको बताउनुभयो।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा डुकबहादुर क्षेत्रीले बिरामीलाई सहज, सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै स्वास्थ्य विज्ञानको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले प्रतिष्ठान स्थापना गरिएको बताउनुभयो। उहाँले प्रतिष्ठानमार्फत चिकित्सा विज्ञानसँग सम्बन्धित स्वास्थ्य शिक्षा, अनुसन्धान र उपचार सेवालाई समानान्तर रुपमा अगाडि बढाइएको बताउनुभयो।

“पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको अर्को उद्देश्य अनुसन्धान क्षेत्र हो”, उपकुलपति प्रा डा क्षेत्रीले भन्नुभयो, “अनुसन्धानको माध्यमबाट स्वास्थ्य सेवाको क्षेत्रमा यो नीति निर्माणका लागि कोसेढुङ्गा सावित हुनेछ।” प्रतिष्ठानले हाल वार्षिक करिब पाँच लाख बिरामीलाई बहिरङ्ग, करिब ५० हजार बिरामीलाई आकस्मिक र करिब २५ हजार बिरामीलाई अन्तरङ्ग सेवा प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो। समारोहमा सहभागी स्वीडेनको स्टकहोमस्थित विश्वविद्यालय कारोलिनस्का इन्स्टिच्युटका प्राध्यापक माग्नुस् वेस्टग्रेनले चिकित्सकहरूलाई जिज्ञासु र सहयोगी बन्न सुझाव दिनुभयो। उहाँले बिरामीको जीवन रक्षाका लागि आफ्नो ज्ञान र सीपलाई समयानुकूल परिमार्जन गर्नुपर्ने धारणा राख्नुभयो। प्राध्यापक वेस्टग्रेनले काममा इमान्दार बन्न र गल्तीबाट पाठ सिकन चिकित्सिक सधैँ तत्पर बन्नुपर्ने धारणा राख्नुभयो।

दीक्षान्त समारोहमा ३८ जना दीक्षित भएका थिए। सो अवसरमा अरविन्दकुमार साह र आशिष सापकोटालाई ‘उपकुलपति पदक’ प्रदान गरिएको थियो।

# पोखरा महोत्सवमा बद्रीले नचाए दर्शक

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ




सँधै वियोगान्त गित गाएर दर्शकलाई रुवाउने लोक तथा दोहोरी गायक बद्री पंगेनीले १३ औं संस्करणको पोखरा महोत्सवमा भने दर्शकलाई नचाएका छन्। प्राय महोत्सवहरुमा आमा दिदीबहिनीहरुलाई लक्षित गरी प्रस्तुत हुने बद्री पंगेनीले पोखरा महोत्सवको आठौं दिन भने भिन्न शैलीमा आफ्नो प्रस्तुती राखे।

भान्छे चलेन बोलको गीतबाट आफ्नो प्रस्तुती सुरु गरेका पंगेनीले युवाहरु माझ लोकप्रिय बनेको चिना हेराउदा भन्ने गीत प्रस्तुत गर्दा दर्शहरु बद्री सँगै झुमे। बद्रीले झ्याउरे, ससुराली लगायतका गीतहरु सँगै दोहोरी समेत गाएका थिए।

महोत्सवमा बद्री पंगेनी सँगै चोलेन्द्र पौडेल, रामजी पौडेल, तुलसा क्षेत्री, सरिता सारु मगर, नेत्र खड्का, सुनिता नेपाली र हाँस्य कलाकार पवन खतिवडा (म्याकुरी) को प्रस्तुती मार्फत दर्शकहरुले मनोरन्जन लिए। त्यसैगरी साँझको लाइभ कन्सर्ट तर्फ कबवेवको प्रस्तुतीमा युवाहरु झुमे। महोत्सवको आठौं दिनसम्म आइपुग्दा महोत्सवमा दर्शकहरुमो उल्लेख्य सहभागीता जनाएका छन्। महोत्सवमा दर्शकको उपस्थिती सँगै महोत्सवमा राखिएका स्टलहरुमा समेत उल्लेख्य मात्रामा ब्यापार भएको महोत्स्व अर्थ तथा स्टल ब्यवस्थापन उपसमिति संयोजक जयराम आचार्यले जानकारी दिए। महोत्सवको नवौं दिन लोकदोहोरी तर्फ श्याम राना, प्रजापति पराजुली, चोलेन्द्र पौडेल, शरला पाण्डे, इब्सल सन्न्याल, कृष्ण सुवेदी, तुलसा क्षेत्री, जगत गौडेल, मधु थापा मगर र हाँस्य ब्यंग्य तर्फ पुर्खे बाको प्रस्तुती रहने महोत्सव कलाकार ब्यवस्थापनि उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए।

त्यसैगरी साँझको लाइभ कन्सर्टतर्फ रक हेड्सको प्रस्तुती रहने समेत संयोजक तिमिल्सिनाले जानकारी दिए।

त्यसैगरी महोत्सवमा आयोजित विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगिताको दोश्रो दिन बिहीबार कास्की मोडनाइज्ड स्कुल, बाल कल्याण बीचको प्रीतस्पर्धामा कास्की मोर्डनाइज्ड फाइनलमा प्रवेश गरेको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# मोबाइल टावर चाडपर्व अफरको उपहार सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

पोखराको मोबाइल टावरले आयोजना गरेको मोबाइल टावर चाडपर्व अफरको भाग्यशाली विजेता भई चिट्ठा नम्बर ७८९० ले होन्डाको स्कुटर जितेका छन्।

पोखरा टावर प्रालिद्वारा सञ्चालित चाडपर्व अफर चिट्ठा बिहीबार एक कार्यक्रमको आयोजना गरि सार्वजनिक गरेको हो। प्रालिले दिएको जानकारी अनुसार प्रथम पुरस्कार ३९२७, दोस्रो २९११, तेस्रो ३३३८ चिट्ठा नम्बरले जितेका छन्। विजेताले क्रमशः टेलिभिजन, एयरकन्डिसन, स्पिकर, राइसकुकरलगायतका पुरस्कार जितेका छन्। त्यस्तै, प्रत्येक महिना १० जनालाई आकर्षक उपहारसमेत दिइरहेको आयोजकले जानकारी दिए। विजेताले उपहार खोलिएको ७ दिनभित्र चिट्ठाको अर्धकट्टी र फोटोसहितको परिचयपत्र लिएर आउनुपर्ने संयोजक थापाले बताए। निर्धारित मितिभित्र लिन नआए पुरस्कार रद्द हुने उनले बताए। उपहारमा नेपाल सरकारको नियमानुसार करकट्टी हुनेछ।




कार्यक्रममा प्रमुख अतिथि नेपाल मोबाइल संघका केन्द्रिय उपाध्यक्ष एंव मोबाइल टावरका संचालक उदय बहादुर केसी (लाहुरे दाई) ले पुरस्कार विजेतालाई धन्यवाद दिँदै ग्राहकको आवश्यकतालाई ध्यानमा राखेर मोबाइल टावरले व्यवसाय गरिरहेको बताए। मोबाइल मेलाका संयोजक बुद्धिबहादुर थापाको रहोबरमा सार्वजनिक गरिएको नतिजामा इलेक्ट्रोनिक्स ब्यवसायी संघ कास्कीका अध्यक्ष चिन्तामणि खरेल,मोवाइल वितरक महासंघका केन्द्रिय सदस्य देव नारायण श्रेष्ठ,किरण ढकाल,विष्णु श्रेष्ठ,भिवो मोवाइल टेनर रेश्मा भट्टाई,नविन ढुंगाना,देवेन्द्र श्रीस लगायतले बोलेका थिए। कार्यक्रम संचालन सचिव विदुर सापकोटाले गरेका थिए।

# सरकारका ...

सातामा दुई निश्चित दिन खुल्ला भेटघाट गर्ने, नागरिकको गुनासो सुन्ने, सुझाव लिने र बाँकी पाँच दिन सम्पूर्णरूपले मन्त्रालयको काममा केन्द्रित हुने निर्णय गर्दै सांसद्को चासो, सुझाव, अपेक्षालाई छलफलमार्फत संसदीय दल कार्यसमिति र मन्त्रीहरूले समन्वय गर्ने निर्णय भएको छ।

सभापति देउवाले पार्टीको प्रदेश समिति, जिल्ला, क्षेत्र एवं स्थानीय तहमार्फत पार्टी केन्द्रीय कार्यालयमा आउने गरेका नागरिकका सुझाव र मागका सम्बन्धमा महिनामा एक पटक पार्टी केन्द्रीय पुग्न पनि निर्देशन दिनुभएको छ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारमा काग्रेसकातर्फबाट १० मन्त्री र दुई राज्यमन्त्री सहभागी हुनुहुन्छ। बैठकमा मन्त्रीहरूले आ-आफ्नो मन्त्रालयको काम, आइपरका समस्या र गुनासोबारे सभापति देउवालाई जानकारी गराउनुभएको थियो।

# एन प्याब्सनको राष्ट्रिय महाधिवेशन फागुनको दोस्रो साता काठमाडौंमा

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

नेशनल प्याब्सनको आठौं राष्ट्रिय महाधिवेशन फागुनको दोस्रो साता काठमाण्डौमा हुने भएको छ। नेशनल प्याब्सनको पोखरामा सम्पन्न राष्ट्रिय प्रतिनिधि परिषद् बैठकले फागुन १६ र १७ गते आठौं राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको हो।

परिषद् बैठकले विधानका केही बुँदाहरूमा परिमार्जन गर्न केन्द्रीय समितिलाई अख्तियारी दिने, नेशनल प्याब्सनको विधान परिच्छेद विविध ९.१ (ग) अनुसार, राष्ट्रिय महाधिवेशन आयोजक समिति गठन गर्ने निर्णय गरेको केन्द्रीय अध्यक्ष सुवास न्यौपानेले जानकारी दिए। उक्त समितिको संयोजकमा सुवास न्यौपाने र पाण्डव हमाल ठकुरी तथा सदस्यहरुमा याम खड्का, जय बहादुर श्रेष्ठ, राजु गुरुङ वेद प्रसाद पन्त रहेका छन्। बैठकले महाधिवेशन सुव्यवस्थित गराउन उप-समितिहरू गठन गर्ने, सदस्यता नवीकरण प्रमाणिकरण माघ महिना भित्र गरि सक्ने र आवश्यकता अनुसार विधान परिमार्जन गर्नु परेमा, विधान परिमार्जन समिति निर्माण गरी केन्द्रीय समितिमा छलफल गराई केन्द्रीय महाधिवेशनबाट अनुमोदन गराउने निर्णय गरेको अध्यक्ष न्यौपनेले जानकारी दिए। नेशनल प्याब्सन गण्डकी प्रदेश, कास्की र पोखरा महानगर पालिकाको स्थानिय व्यवस्थापनमा भएको राष्ट्रिय परिषद् बैठकमा देशभरबाट १ सय ८४ जनाको सहभागिता रहेको नेशनल प्याब्सनका उपमहासचिव प्रकाश चन्द्र खड्काले जानकारी दिए। उनका अनुसार बैठकमा नगरबाट अध्यक्ष वा प्रतिनिधि, जिल्ला र प्रदेशबाट अध्यक्ष, उपाध्यक्ष सचिव र कोषाध्यक्ष तथा केन्द्रीय समितका सल्लाहकार, पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो। बैठकमा केन्द्र, प्रदेश, जिल्ला तथा नगरबाट आएका प्रतिनिधिले आ-आफ्ना धारण व्यक्त गरेका थिए। नेशनल प्याब्सनका केन्द्रीय अध्यक्ष सुवास न्यौपनेको अध्यक्षतामा भएको बैठकमा उपाध्यक्ष याम खड्काले स्वागत र उपमहासचिव प्रकाश चन्द्र खड्काले कार्यक्रम सञ्चालन गरेका थिए।




# बृहत् खेलकुद महोत्सवमा फुटवल, भलिबल, ब्याडमिन्टनका खेलहरु जारी


पोखरापत्र संवाददाता
पोखरा, ३ माघ



पोखरा वडा नं. १५ मा आयोजित तेस्रो बृहत् खेलकुद महोत्सवमा विभिन्न खेलहरु जारी रहेका छन्। बिहीबार फुटबल, भलिबल र ब्याडमिन्टनका खेलहरू जारी रहे।

बन विज्ञान क्याम्पसको खेल मैदानमा सञ्चालित महोत्सवको दोस्रो दिन विहीबार विद्यालय फुटबलतर्फ रेन्बो एकेडेमी, एसओएस हर्मन माइनर, वेलनन एकेडेमी र हावर्ड एकेडेमी अन्तिम चारमा पुगेका छन्। फाइनल प्रवेशका लागि रेन्बोले एसओएस र वेलननले हावर्ड एकेडेमीसँग प्रतिष्पर्धा गर्नेछ। हावर्डले गोल्डेन फ्युचर, रेन्बोले श्री एन्जल्स, एसओएसले विभूति शिक्षा सदन, वेलननले नेपाल भारत मैत्री विद्यालय र हावर्डले मेरीगोल्डलाई पराजित गरेको थियो। पुरुष फुटवल अन्तर्गत प्रतिभा टोल, संगम टोल र फलेपाटन टोल विकास संस्था विजयी भएका छन्। प्रतिभाले शिवशक्ति टोल विकास संस्था, संगमले ठूली मजुवा युवा क्लब, फलेपाटनले गण्डकी रिभर साइड युवा क्लबलाई पराजित गरेको हो। महिला भलिबलतर्फ जनजागृति आमा समूह र एकता समूह फाइनलमा पुगेका छन्। जनजागृति आमा समूहले चेतना महिला कृषक समूह र एकता आमा समूहले संगम टोल महिला समूहलाई पराजित गर्दै फाइनल पुगेका हुन्। पुरुष भलिबलको उपाधिका लागि चन्द्र सूर्य क्लब र तल्लो नयाँ गाउँटोल विकास संस्था भिड्ने भएका छन्। चन्द्रसूर्य क्लबले गलेश्वर युवा क्लबलाई पराजित गरेको हो भने तल्लो नयाँगाउँले आदर्श टोल विकास संस्थालाई पराजित गर्दै फाइनल यात्रा तय गरेको हो।

फाइनल खेल शुक्रबार दिउँसो १ बजे हुने महोत्सव संयोजक आशिष भण्डारीले जानकारी दिए। यसैगरी, ब्याडमिन्टनका खेलहरु पनि जारी रहेको छ। सिंगल र डबल्सतर्फ विभिन्न खेलहरु सञ्चालन भएको वडा सचिव युवराज पौडेलले जानकारी दिए।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कांग्रेसका मन्त्रीहरूलाई निर्देशन

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागि मन्त्रीहरूलाई प्रभावकारी काम गर्न नेपाली कांग्रेसले सात बुँदे निर्देशन दिएको छ । सरकार निर्माण पछि काङ्ग्रेसले आफ्ना मन्त्रीहरूलाई निर्देशन दिन थालेको छ । बिहीबार पार्टी सभापति शेरबहादुर देउवा निवासमा बसेको संसदीय दल कार्यसमिति बैठकले मन्त्रीहरूलाई सात बुँदे निर्देशन दिएको हो । पार्टी प्रमुख सचेतक श्याम घिमिरेका अनुसार सरकारलाई सात बुँदे सहमति अनुसार अघि बढाउन सात बुँदे निर्देशन दिइएको छागठबन्धनलाई सहयोग गर्न काङ्ग्रेसबाट समन्वय गर्न उच्चस्तरीय समिति समेत गठन गरेको छ ।

काङ्ग्रेसका शीर्ष नेताहरू सहभागी भएको बैठकमा मन्त्रीहरूको ब्रिफिङ सुनेर गठबन्धनलाई वलीयो गराउने गरि काम गर्न निर्देशन दिएको छ । सरकारलाई प्रभावकारी र सफल बनाउन सक्रिय ढंगले कार्य गर्ने । महत्त्वपूर्ण विषयमा नियमित छलफल गर्ने ।पहिलो बुँदा छ । दोस्रो बुँदामा विभिन्न समितिमा विचाराधीन विधेयकलाई टुंगोमा पुऱ्याउन सक्रियतासहित कार्य गर्ने । तेस्रोमा-आफ्नो मन्त्रालयको कार्यक्षेत्रमा रहेका विगतदेखिका भौतिक परियोजना र अन्य कार्यक्रम सम्पन्न गराउने प्रक्रियामा गति बढाउने ।जुन अहिलेको आवश्यकता हो । चालू आर्थिक वर्षको बजेटमा परेका, तर स्रोत सुनिश्चितताको पर्खाइमा रहेका, टेन्डर हुन नसकेका, निर्माण सुरु भएका, तर अपेक्षित गतिमा काम नभइरहेका विकास योजना सम्पन्न गर्न गराउन आवश्यक पहलकदमी लिने चौथा बुँदामा छ ।

मन्त्रीहरूलाई भेटघाट गर्न नसकिने गुनासोलाई हटाउन हप्तामा २ निश्चित दिन खुल्ला भेटघाट गर्ने, नागरिकको गुनासो सुन्ने, सुझाव लिने बाँकी ५ दिन सम्पूर्ण रूपमा मन्त्रालयको काममा केन्द्रित हुने ।पाचौ बुँदामा समितिलाई छासांसद र मन्त्रीहरूबीच समन्वय गर्न सांसदहरूको चासो, सुझाव र अपेक्षालाई छलफलमार्फत संसदीय दल कार्यसमिति र मन्त्रीहरूले समन्वय गर्ने । छैटौँ बुँदामा राखिएको छ ।

पार्टीको प्रदेश समिति, जिल्ला, क्षेत्र एवं स्थानीय तहहरूमार्फत पार्टी केन्द्रीय कार्यालयमा आउने नागरिकका सुझाव र मागहरूबारे महिनामा एकपटक पार्टी केन्द्रीय कार्यालयमा उपस्थित भएर गुनासो र सुझाव लिने सातौं बुँदामा उल्लेख छ । मन्त्रीहरूलाई समयमै निर्देशन दिने र काम गर्ने वातावरण पनि पार्टीले गर्नुपर्ने काम हो जुन काङ्ग्रेसबाट भएको छ । यस्को अनुशरण एमालेले पनि गर्न जरुरी छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# कालीगण्डकी नदीमा र्‍याफ्टिङ सञ्चालन



पोखरापत्र संवाददाता
म्याग्दी, ३ माघ

म्याग्दीको सदरमुकाम बेनी हुँदै बग्ने कालीगण्डकी नदीमा जलयात्राका लागि र्‍याफ्टिङ सञ्चालन गरिएको छ ।

बेनीमा जारी आठौँ म्याग्दी महोत्सवमा आउने आन्तरिक पर्यटकहरूलाई लक्षित गरेर बुधबारदेखि बेनीको जलेश्वरदेखि खुलामञ्च नजिकको दोभानसम्म छोटो दूरीको र्‍याफ्टिङ सञ्चालन गरिएको हो । नेपाल रिभर एक्सपोलर प्रालिसँगको सहकार्यमा जलयात्राका लागि र्‍याफ्टिङ सञ्चालन गरिएको कालीपुलमा रहेको गण्डकी होटलका सञ्चालक गम पुनले बताउनुभयो । पुनले हरेक हिउँदयाममा कालीगण्डकी नदीमा नियमित र्‍याफ्टिङ सञ्चालन गर्दै आउनुभएको छ । “महोत्सवमा आउने दर्शक र पर्यटकहरूलाई थप मनोरञ्जनका लागि जलयात्रा सुरु गरिएको छ, छोटो दूरीमा न्यूनतम शुल्क लिएर र्‍याफ्टिङ सेवा प्रवाह गरेका छौँ”, उहाँले भन्नुभयो । बेनीस्थित जलेश्वरदेखि म्याग्दी र कालीगण्डकी नदीको दोभानसम्म प्रतिव्यक्ति रु आठ सय र बगरफाँटबाट दोभानसम्म रु छ सय शुल्कमा र्‍याफ्टिङ गर्न सकिने जनाइएको छ । नदीको आसपासका पहाडी भूगोल र तटीय क्षेत्रका बस्तीले कालीगण्डकी नदीमा र्‍याफ्टिङका लागि उत्तम मानिने गाइड सन्तोष गिरीले बताउनुभयो । उहाँले जलयात्रामा रमाउन चाहनेहरूको समूह बनेमा लामो दूरीमा समेत र्‍याफ्टिङ सञ्चालन गर्न सकिने जानकारी दिनुभयो । तत्कालका लागि दुईवटा आठ-आठजना यात्रु क्षमताका बोट सञ्चालन गरिएका छन् । गलेश्वर-बेनीलाई प्राथमिकता दिइएको भए पनि यात्रु र पर्यटकको चाहनाबमोजिम बेनी हुँदै मालढुङ्गाबाट नयाँपुल भएर मिर्मीसम्म पनि जलयात्रा गराउन सकिने जनाइएको छ । म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बेनी आसपासको क्षेत्रमा जलयात्राको सम्भावना उजागर गर्दै पर्यटन प्रवर्द्धनमा र्‍याफ्टिङले सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो । बेनी नगरपालिका-९ गलेश्वरधामबाट सदरमुकाम बेनीको दोभान हुँदै मालढुङ्गा-नयाँपुल भएर मिर्मी पुग्न सकिनेगरी र्‍याफ्टिङ सञ्चालन गर्ने पहल भइरहेको उहाँले जानकारी दिनुभयो ।

# छात्राहरुका लागि बचत खाता खोल्दै आँबुखैरेनी गाउँपालिका

पोखरापत्र संवाददाता
दमौली, ३ माघ

यहाँको आँबुखैरेनी गाउँपालिकाले छात्राहरुका लागि बचत खाता खोल्ने भएको छ । गत मङ्सिरदेखि गाउँपालिकाले छात्रा बचत खाता कार्यक्रम सुरु गरेको हो ।

गत मङ्सिर २६ गते कुमारी बैंकसँग सम्झौता गरी गाउँपालिकाका विभिन्न वडाका विद्यालयमा पुगेर छात्राहरुका लागि खाता खोलिने गाउँपालिकाका प्रशासकीय अधिकृत शर्मिला अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार आँबुखैरेनी गाउँपालिका-५ लाब्दीस्थित अरुणोदय प्राथमिक विद्यालयमा माघ ३ गते, सोही वडाको खेउसिङस्थित कामधेनु प्राविमा माघ ४ गते, सोही वडाको सानोभञ्ज्याङस्थित इन्द्रदेव आधारभूत विद्यालयमा माघ ४ गते, आँबुखैरेनी गाउँपालिका-६ प्यूघरफाँटस्थित लक्ष्मी माविमा माघ ४ गते विद्यार्थीको खाता खोलिनेछ । खाता खोल्नका लागि विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो, विद्यार्थीको अभिभावकको नागरिकताको प्रतिलिपि, अभिभावकको पासपोर्ट साइजको फोटो आवश्यक पर्ने जनाइएको छ । गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार पहिलो पटक छात्रा बचत कार्यक्रम सुरु गरिएको गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । पालिकाले कक्षा १० सम्म अध्ययनरत छात्राहरुलाई रु एक हजार बचत मौज्दातसहित निःशुल्क बाल बचत खाता खोलिदिने कार्यक्रम छ ।

उहाँले भन्नुभयो, “कक्षा १ देखि १० सम्मका छात्राहरुको बाल बचत खाता खोलेर रु एक हजार जम्मा गरिदिन्छौँ । सानैदेखि बचत गर्नुपर्छ भन्ने भावना विकास गर्न यो कार्यक्रम ल्याइएको हो ।”

छात्राको नाममा खोलिएको सो खातामा कुमारी बैंकले रु २० बजार बराबरको स्वास्थ्य बिमाको सुविधा दिने जनाएको छ । चुमानले भन्नुभयो, “यो कार्यक्रमले बचत गर्ने बानीको विकास गर्ने, विद्यार्थीको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चित गर्ने, विद्यार्थीको रुचि तथा क्षमता अनुसारको उच्च शिक्षाको पहुँचमा सहयोग पुग्नेछ ।”

यसअघि नै गाउँपालिकाले जनप्रतिनिधि, कर्मचारी, शिक्षकका छोराछोरी सरकारी विद्यालयमा पढाउनुपर्ने निर्णय गरिसकेको छ । गाउँपालिकाले सामुदायिक विद्यालयको शिक्षा रुपान्तरणलाई अभियानकै रुपमा अगाडि बढाएको हो । सामुदायिक विद्यालयको सुधारका निम्ति सुविधासम्पन्न भौतिक पूर्वाधारको व्यवस्थापन, पूर्ण दरबन्दीको शिक्षक नियुक्ती, सिकाइ गुणस्तर अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिने अध्यक्ष चुमानको भनाइ छ । आँबुखैरेनी गाउँपालिकाका छ वटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब चार हजार बढी विद्यार्थी अध्ययनरत छन् ।

# दाङसिङ मोहोरिया कास्कीको म्हिगीकोनेहरुको वंशवली विमोचन

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ



अन्नपुर्ण गाउँपालिका वडा नं ८ दाङसिङ मोहोरिया कास्कीको म्हिगीकोनेहरुको वंशवली मंगलबार विमोचन गरिएको छ ।

दाङसिङ मोहोरियाको म्हिगीकोने परिवारले माघे संक्रान्तिको अवसरमा पोखरामा आयोजना गरेको ३८औ बार्षिक कुलायन पुजा तथा पारिवारिक भेटघाट एवम् चेलीबेटीहरुलाई खाना खुवाउने कार्यक्रमको अवसर पारेर तमुधिं नेपालको पूर्व अध्यक्ष तथा कार्यक्रमको प्रमुख अतिथि कर्म तमुस्योको हातबाट म्हिगीकोने परिवार (दाङसिङ मोहोरिया) को ऐतिहासिक वंशली पुस्तक बिमोचन गरिएको थियो ।

सो अवसरमा प्रमुख अतिथिले उक्त कार्यक्रममा बोल्दै यस वंशवली म्हिगीकोने पुस्ताको लागि मार्गदर्शन बन्नेछ र यस्ता कार्यक्रमहरुले परिवारबिच एकता कायम गर्न महत्वपूर्ण भुमिका खेल्ने छ भनेर आफ्नो भनाई राख्नु भएको थियो । साथै जनजातिहरु भाषाको कारण कहिले कहि प्रशासनिक कामहरुमा दुख पाउने गरेको भन्दै आफ्नो भाषा लाई पनि जोगाउदै नेपाली भाषा पनि शद्ध बोल्न जान्नु पर्ने बताउनु भयो । कार्यक्रममा म्हिगीकोने चेलीबेटीको अध्यक्ष, राँपुको भाईखलक र मर्दी खोले भाईखलकको अध्यक्षहरुले शुभकामना मन्तव्य दिनुको साथै बीरे म्हिगीकोने गुठीको सल्लाहकार गोकुल प्रसाद म्हिगीकोनेले वंशवली सम्बन्धी आफ्नो मनतव्य राख्नु भएको थियो । कार्यक्रमको अध्यक्षता गुठीको अध्यक्ष श्री चन्द्र बहादुर म्हिगीकोनेले गर्नु भएको थियो भने ले. अर्जुन कुमार म्हिगीकोनेले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रमको सञ्चालन गुठीको सचिव र सहसचिव गनेश बहादुर म्हिगीकोने र बुद्धी बहादुर म्हिगीकोनेले गर्नु भएको थियो । सो अवसरमा विविध साँस्कृतिक कार्यक्रम सहित समापन भएको थियो ।

# ‘गाउँले सहरमा वन्यजन्तु बस्तीमा’

पोखरापत्र संवाददाता
बागलुङ, ३ माघ

बागलुङको ग्रामीण क्षेत्रबाट बसाइँसराइ गरी सहरबजार झर्नेको सङ्ख्या ठूलो छ । सेवासुविधा र अवसरका कारण बसाइँ सर्दा गाउँ रित्तो बन्दै छन् ।

व न मा रा ले खेतबारी ढपक्कै ढाकिएका छन् । वरपरका रूखबिरुवा बढेर गाउँ नै छेकिन थालेको छ । युवा शक्ति विदेश र बालबालिका बजार झर्दा बागलुङका ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक मात्रै बाँकी छन् ।

दशक अगाडिसम्म रमाइला गाउँबस्ती अचेल रित्तिएर उराठलाग्दा छन् । झाडी पलाएर बाटो ढाकिएका छन् । घरसम्म झाडी पलाएपछि अहिले गाउँमा वन्यजन्तुको आतङ्क बढ्दै गएको छ । घरमै बाँदर, ब्वाँसो र स्याल आएर दुःख दिन थालेपछि स्थानीय त्रसित छन् । जिल्लाको गलकोट, जैमिनी, काठेखोला र बरेङका अधिकांश गाउँमा बाँदर आतङ्क बढी छ । बाँदरले करेसाबारीमा लगाएका तरकारीदेखि बारदलीमा झुन्ड्याएर राखिएका सामान नष्ट गरिदिने गरेको जैमिनी नगरपालिका-५ का कुलबहादुर थापाले बताउनुभयो । गाउँमा जनसङ्ख्या कम हुँदै जाँदा बाँदर आतङ्क भने बढ्दै गएको उहाँको भनाइ छ । पहिले जङ्गलमा मात्रै भेटिने बाँदर, स्याल र अन्य हिंस्रक जन्तु हिजोआज घरमै आएर सास्ती दिने गरेको थापाले दुःखेसो पोख्नुभयो । “गाउँमा वन्यजन्तुले धेरै दुःख दिन थाले, बारीमा लगाएको तरकारीदेखि खाद्यबाली बाँदरले सखाप पारिदिन्छ, गोठमा पालेको गाई, बाख्रा र पाठापाठी ब्वाँसोले खाइदिन्छ,” उहाँले भन्नुभयो, “कुन बेला मान्छेलाई नै आक्रमण गर्छ भन्ने चिन्ता बढेको छ । यो समस्या बढ्दै गएको छ, बसाइँसराइ गरेर जाने त गइहाल्छन्, गाउँमा बस्नेलाई त सरकारले जोगाइदिनु दिनुपर्‍यो ।” काठेखोला गाउँपालिका-५ का नन्दराम कँडेलले वन्यजन्तुले बालीनाली खाई दिने र पशुचौपाया मारी दिँदा बर्सेनि लाखौँको नोक्सानी बेहोर्नुपरेको गुनासो गर्नुभयो । हरेक वर्ष गाउँबाट बागलुङ बजार, पोखरा, काठमाडौँ र चितवन बसाइँसराइ हुने र वन्यजन्तु भने गाउँ पस्ने समस्यालाई रोक्न सरकारले ध्यान दिनुपर्ने र बसाइँसराइ गरेर जानेले घरबारीलाई बाँझो राख्न नपाइने नीति ल्याउनुपर्ने उहाँको भनाइ छ । गाउँमा विकास हुँदै गए पनि धेरैले सहर रोज्दा गाउँमा वन्यजन्तुको आतङ्क बढ्न थालेको कँडेलले बताउनुभयो । उहाँले भन्नुभयो, “हामीहरू धेरै पीडित बन्यौँ, न गाउँ छोडेर बजार जान सक्छौँ, न गाउँमा ढुक्कले बस्न सकेका छौँ । यसतर्फ राज्यले ध्यान दिनुपर्‍यो, गाउँमा सबै ठीक छ, वन्यजन्तु व्यवस्थापन रोक्न सके हामी यहीँ खुसी छौँ ।”

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः
वि.स. १९८३/०८/०१

स्वः भागिरथी रेग्मी गौंडेल

स्वर्गारोहणः
वि.स. २०८१/०९/२१

यस श्री कृष्ण कल्याण महिला समूहका कार्यसमिति सदस्य श्री सावित्रा शर्माज्यूकी सासुआमा तथा श्री श्याम शर्माज्यूकी ममतामयी माता **भागिरथी रेग्मी गौंडेल**को ९८ वर्षको उमेरमा असामयीक निधन भएकोमा यस समुहमा आवद्ध हामी सम्पूर्ण महिला दिदीबहिनीहरु अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

| | | | |
|---|---|---|---|
| उर्मिला बस्नेत | बसुन्धरा कोइराला | इन्दिरा कोइराला | विजया बास्तोला |
| कोषाध्यक्ष | सचिव | वरिष्ठ उपाध्यक्ष | अध्यक्ष |

**श्रीकृष्ण कल्याण महिला समूह**

# मौलिक पोसाक भाडामा लगाएर आम्दानी

पोखरापत्र संवाददाता
म्याग्दी, ३ माघ

यहाँको बेनी नगरपालिका-१ रत्नेचौरका स्थानीयवासीले गाउँमा घुम्न आउने पर्यटकलाई विभिन्न जातीय समुदायको पोसाक भाडामा लगाएर आम्दानी गर्न थालेका छन् ।

अहिले तोरी फुलेर मनमोहक बनेको रत्नेचौरमा रमाउन आउने पर्यटकहरुले मगर, क्षेत्री, थकाली, ब्रह्माणलगायत जातजातीको पोसाक लगाएर तस्बिर, श्रव्यदृश्य खिच्ने गर्दछन् । पर्यटकलाई जातजातीको मौलिक पोसाक भाडामा लगाएर स्थानीयले आम्दानी गर्न थालेका हुन् ।

स्थानीय रामकृष्ण पुनले एक जोडा पोसाक एक घण्टा प्रयोग गरेबापत रु दुई सयदेखि तीन सय ५० सम्म लिने गरेको बताउनुभयो । "मसँग १५ जोर मगर ड्रेस छन्," उहाँले भन्नुभयो, "दिनमा १० देखि १५ जनाले भाडामा लैजानु हुन्छ ।" रेष्टुरेन्टसञ्चालकसमेत रहनुभएका थापाले पर्यटकको तस्बिर पनि खिचिदिने गर्नुभएको छ । एउटा तस्बिर खिचेबापत रु २० लिने गरेको थापाले बताउनुभयो । रत्नेचौरमा महिला सहकारी संस्था र अन्य रेष्टुरेन्ट तथा पसलहरुले पनि जातीय पोसाक भाडामा लगाउने गरेका छन् । आकर्षक देखिने भएकाले जातीय पोसाक पर्यटकको रोजाइमा पर्ने गरेको छ । बागलुङबाट रत्नेचौर आएकी स्मृति रानाले मौलिक पोसाकमा सजिएर खिचेको तस्बिर र बनाएको भिडियो स्मरणयोग्य भएको बताउनुभयो । केही वर्षअघिसम्म रातो माटो र कृषि उत्पादनमा आश्रित रत्नेचौर पर्यटकीय गाउँका रूपमा चिनिन थालेको छ । कात्तिकदेखि माघसम्म यहाँ आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्ने गर्दछ । कात्तिक-मङ्सिरमा रत्नेचौरको फाँटमा झुलेका धानसँगै पृष्ठभूमिमा धवलागिरि हिमाल, म्याग्दी, बागलुङ र पर्वतका ग्रामीण भेगको दृश्यावलोकन तथा पुस-माघमा पहेँलै फुलेको तोरीको आकर्षक दृश्य हेर्दै रमाउन र वनभोज खान आउनको यहाँ भीड लाग्ने गरेको वडाध्यक्ष टेकबहादुर थापाले बताउनुभयो ।



यहाँ दैनिक तीन सयदेखि पाँच सयजना आउने गरेका स्थानीय कुशल शर्माले बताउनुभयो । उत्तरतिर सेता हिमशृङ्खला । पूर्वतर्फ मोहोडा भएको समथर फाँटमा पहेँलै भएर फुलिरहेको तोरी र फाँटको बीचमा चिटिक्क परेको कालोपत्र सडकमा रमाउन पर्यटक आउने गरेका हुन् । रत्नेचौर र बागलुङको कुडुले (फेदी) जोड्ने तीनसय ८८ मिटर लामो झोलुङ्गे पुल पनि यहाँ आउने पर्यटकका लागि अर्को आकर्षणको केन्द्र हो ।

# अझै खुल्न सक्दैनन् एचआइभी सङ्क्रमित

पोखरापत्र संवाददाता
तनहुँ, ३ माघ

तनहुँमा चार सय ५४ जना एचआइभी एड्सबाट सङ्क्रमित छन् । स्वास्थ्य कार्यालयका अनुसार सङ्क्रमितमध्ये तनहुँ गण्डकी प्रदेशमै तेस्रो स्थानमा छ ।

स्वास्थ्य कार्यालय प्रमुख शङ्करबाबु अधिकारीका अनुसार गण्डकी प्रदेशमा दुई हजार नौ सय ६८ एचआइभी सङ्क्रमित हुँदा कास्कीमा सात सय र स्याङ्जामा चार सय ८१ सङ्क्रमित छन् । तेस्रोमा तनहुँमा सङ्क्रमित सङ्ख्या छ । यहाँ भएका सङ्क्रमितमध्ये दुई सय ६२ जनाले दमौली अस्पतालबाट एआरटी औषधि सेवन गर्दै आएको स्वास्थ्य कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

अन्य जिल्ला घर भएका ३२ जनाले पनि दमौली अस्पतालबाट एआरटी औषधि सेवन गरिरहेको उहाँले बताउनुभयो । सामाजिक लाञ्छना र तिरस्कारको भयका कारण कतिपय सङ्क्रमित अझै खुल्न सकेका छैनन् ।

कतिपयले दमौली अस्पतालमा नआई अन्यत्र गएर औषधि सेवन गर्ने गरेको अधिकारीको भनाइ छ । उहाँले भन्नुभयो, "यहाँ चिनिने र समाजमा पहिचान खुलेमा लाञ्छना र अन्य समस्या हुनसक्छ भन्ने डरका साथै अज्ञानताका कारण कतिपय उपचार गर्न आउँदैनन् ।"

# संस्कृतिको संरक्षण गर्न 'पुख्यौंली नाच प्रतिस्पर्धा'

पोखरापत्र संवाददाता
म्याग्दी, ३ माघ

म्याग्दीका मगर समुदायको मौलिक संस्कृतिको रुपमा रहेको पुख्यौंली नाचलाई संरक्षण र पुस्तान्तरण गर्न बेनीमा पुख्यौंली नाच प्रतिस्पर्धा गराइएको छ ।

बेनीमा म्याग्दी उद्योग वाणिज्य सङ्घले सञ्चालन गरेको आठौँ म्याग्दी महोत्सव एवं माघेसङ्क्रान्ति मेलाको अवसरमा नेपाल मगर सङ्घको सहआयोजनामा बुधबार पुख्यौंली नाच प्रतियोगिता गरिएको हो । विभिन्न आठ समूहले सहभागिता जनाएको प्रतियोगितामा धौलागिरि गाउँपालिका-३ मुना पुख्यौंली समूह प्रथम र अन्नपूर्ण गाउँपालिका-८ को काफलडाँडा पुख्यौंली समूह द्वितीय हुन सफल भएका छन् । प्रतियोगितामा विजेता समूहलाई नगद रु ३५ हजार एक सय र उपविजेतालाई नगद रु २० हजार एक सयको साथमा प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको छ । प्रतियोगितामा सहभागी बिम पुख्यौंली समूह, ओखोरबोट पुख्यौंली समूह, निस्कोट पुख्यौंली समूह, पाखापानी पुख्यौंली समूह, चिमखोला पुख्यौंली समूह र नेपाल मगर सङ्घ जिल्ला समन्वय समिति म्याग्दीको पुख्यौंली समूहलाई रु आठ हजारको दरले नगद पुरस्कारसहित प्रमाणपत्रद्वारा सान्त्वना पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ ।



कार्यक्रममा म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठ, मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, सङ्घका प्रथम उपाध्यक्ष एवं कलासंस्कृति प्रतियोगिता उपसमितिका संयोजक लिलाराम गौतम, मगर सङ्घ जिल्ला समन्वय समितिका अध्यक्ष लोकबहादुर पुनलगायतले विजेता र उपविजेता समूहलाई पुरस्कार प्रदान गर्नुभएको थियो । महोत्सवमा आयोजित पुख्यौंलीलगायतका मौलिक कला र संस्कृतिको प्रतिस्पर्धाले महोत्सवस्थल सङ्गीतमय बनेको छ । महोत्सवमा समावेश लोकदोहोरी प्रतियोगिता आकर्षण बनेको छ । लोक संस्कृतिको उर्वर भूमिका रुपमा परिचित म्याग्दीमा केही वर्ष अघिसम्म प्रत्यक्ष दोहोरी ओझेलमा पर्दै आए पनि यस पटकको महोत्सवमा भने सहभागीको सङ्ख्या बढेको छ भने लोकदोहोरीको रौनक बढेको छ । महोत्सवमा विभिन्न १६ समूहले प्रत्यक्ष लोकदोहोरी प्रतियोगितामा सहभागिता जनाएका छन् ।

जिल्लाभित्रका साथै बाहिरबाट समेत प्रत्यक्ष दोहोरीका लागि कलाकारको समूह महोत्सवमा आइपुगेका छन् । पुरानो संस्कृतिको रुपमा रहेको प्रत्यक्ष दोहोरीले महोत्सवमा आउने दर्शकको आकर्षण बढाएको छ । प्रत्यक्ष दोहोरीमा कलाकारको घम्साघम्सीले बालबालिकादेखि युवायुवती र वृद्धवृद्धाको ध्यान तानेको छ ।

परम्परागत मेला जात्राको मुख्य मनोरञ्जनको माध्ययम बनेको प्रत्यक्ष दोहोरीलाई जोगाउन र नयाँ पुस्तामा संस्कृति हस्तान्तरण गर्न महोत्सवले सहयोग पुगेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान म्याग्दीका अध्यक्ष ध्रुव जिसीले बताउनुभयो । "लोकदोहोरी गीत प्रतियोगिता महोत्सवकै मुख्य प्रतियोगिताको रुपमा रहेको छ", आयोजकले कलाकारलाई खाली हात फर्कन नपर्ने गरी पुरस्कारको व्यवस्था गरेको कारण पनि टाढाटाढाबाट सहभागी हुन कलाकार आउनुभएको छ", अध्यक्ष जिसीले भन्नुभयो ।

प्रतियोगितामा प्रथम हुनेलाई नगद रु एक लाख एक हजार, एक सय, द्धितिय हुनेलाई नगद रु ६१ हजार एकसय, तृतीय हुनेलाई नगद रु ३० हजार एक सय र सान्त्वना हुनेलाई नगद रु १५ हजार एक सय नगद पुरस्कारको व्यवस्था गरिएको छ ।

त्यसैगरि गायक/गायिकालाई नगद रु दुई हजार पाँच सय नगद पुरस्कारका साथै कलाकारलाई भत्ताको समेत व्यवस्था गरिएको आयोजकले जनाएको छ । चर्चित राष्ट्रिय कलाकारको साङ्गीतिक प्रस्तुतिलाई समावेश गरिएको महोत्सवमाभजन,रत्यौलीलगायतका प्रतियोगितालाई समावेश गरिएको छ ।


## (SSDS) Letter हराएको सम्बन्धमा

**हाल पोखरा महानगरपालिका वडा नं. १० नागिन टोल निवासी भारतीय भूपू सैनिक आर्मी नं.** 554580 8 G.R **खमवीर पुर्जा पुनको छोरा नवराज पुर्जा पुनको नाममा जारी भएको** Social Security Deposit Scheme (SSDS) Letter **मिति २०८०-०३-२८ गते पोखरा बगरदेखि पोखरा पेन्सन क्याम्प रामबजारसम्म जानेक्रममा हराएको हुँदा खोजतलास गरी पाउँ भनी निजको आमा याम माया पुर्जा पुनले वडा प्रहरी कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित** Letter **फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

**सम्पर्कः याम माया पुर्जा पुन**
**पोखरा– १० नागिन टोल**


# अचल सम्पति धितो लिलाम बढाबढ गर्ने ३५ दिने अत्यन्त जरूरी सूचना (धितो)

**पहिलो पटक प्रकाशित मिति २०८१।१०।०४ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था संग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१।०६।१५ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सुचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१।०७।२१ गते ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१।०८।०६ गते ऋण चुक्ता गर्न आउने बारे ७ दिने सुचना पोखरापत्र राष्ट्रिय दैनिक बाट सुचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हाल सम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नु होला अन्यथा सूचना प्रकाशित भएको ३६ औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम विक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मुल्यमा लिलाम विक्रि भयो वा मेरो हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई संस्थाले कम मुल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम विक्रि गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धन जमानत कर्ताहिरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ।

तपसिल

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| ३. | सदस्यता न : ९८१<br>१. **नाम** : **युवराज चन्द**<br>ना.प्र.नं. : ४२०<br>जारी मिति : २०३९।०६।०१<br>बाबु : जित बहादुर चन्द<br>बाजे/ससुरा : रुद्र बहादुर चन्द<br>ठेगाना : राईपुर ४ तनहुँ<br>हाल : पोखरा ५ कास्की<br>**धितो विवरण** : श्री युबराज चन्दको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको थामडाँडा १ तनहुँ कित्ता न. १००, १०२ क्षेत्रफल २-९-२-०, ०-५-२-२ |  | १. **नाम** : **धनमाया सेन चन्द**<br>पति : युबराज चन्द<br>बाजे/ससुरा : जित बहादुर चन्द<br>ठेगाना : राईपुर ४ तनहुँ<br>हाल : पोखरा ५ कास्की<br>सम्पर्क नं : ९८४६१८४२५३ |  |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफूले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रित पूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्ने छ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वंमले ब्यर्होनु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफूले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

## फेवा बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**

**फोनः ०६१-५७३३७५, ५७२२३६**